# सुइता सिटी बहुसांस्कृतिक वान स्टप परामर्श केन्द्र

## सुइता नगरपालिकाले प्रिमियम सहितको डिजिटल उपहार कुपन बिक्री सुरु गर्नेछ।

吹田市プレミアム付デジタル商品券を販売します

मूल्य वृद्धि (महँगी) को असर कम गर्नका लागि, सिटी भित्रका पसलहरूमा प्रयोग गर्न मिल्ने प्रिमियम सहितको डिजिटल उपहार कुपन बिक्री गरिनेछ। 5,000 येनमा कुपन किन्दा 7,000 येन बराबरको किनमेल गर्न सकिन्छ।

■ उपहार कुपनको मुख्य जानकारी

उपहार कुपनको प्रकार: PayPay कुपन

※नगदरहित भुक्तानी सेवा (Cashless payment service ) "PayPay" प्रयोग गरेर प्रयोग गर्न सकिने डिजिटल उपहार कुपन

※सिटी भित्रका तोकिएका पसलहरूमा मात्र प्रयोग गर्न सकिन्छ।

बिक्री मूल्य: 1 सेट 5,000 येन

प्रयोग गर्न मिल्ने रकम: 1 सेट 7,000 येन

प्रति व्यक्ति अधिकतम 3 सेट मात्र किन्न पाइनेछ (धेरैले चाहेको खण्डमा लक्की ड्र मार्फत छानिनेछ)।

प्रयोग अवधि: अप्रिल 30गते (बिहीबार) देखि अगष्ट31गते (सोमबार) सम्म

■ लक्षित व्यक्ति

यस वर्षको मार्च1 तारिखसम्म सुइता सिटीमा बसोबास दर्ता भएका व्यक्ति

※ सामान्यतया, परिवार प्रमुखमार्फत सम्पूर्ण परिवारको लागि एकैपटक आवेदन गर्नुपर्छ।

※ आवेदन दोहोरिएको वा त्रुटिपूर्ण भए अमान्य हुनेछ।

आवेदन अवधि: मार्च26 गते (बिहीबार) देखि अप्रिल 15 गते (बुधबार) सम्म

※ पहिलो आउनेलाई प्राथमिकता दिइने छैन।

■ किन्ने तरिका

（1） विशेष वेबसाइटमार्फत आवेदन गर्नुहोस्।

(2)आवेदन स्वीकार/अस्वीकृतको परिणामको सूचना।

अप्रिल 30 गते (बिहीबार) देखि मे 12 गते (मंगलबार) सम्म इमेलमार्फत सूचना दिइनेछ।यदि चयन भएमा, उपहार कुपन किन्ने कोड पनि सूचना दिइनेछ।

(3) उपहार कुपन किन्ने

अप्रिल 30 गते (बिहीबार) देखि मे 18 गते (सोमबार) सम्म PayPay एपमा उपहार कुपन कोड प्रविष्ट गरी किन्नुहोस्।

■ वेबसाइट

https://www.suita-digital.com/

■ सम्पर्क

सुइता सिटीको प्रिमियम सहित डिजिटल उपहार कुपन को कल सेन्टर : 0120-662-233

सोमबार देखि शुक्रबार बिहान 9 बजे देखि दिउँसो 5:30 बजे सम्म। अप्रिल र मे महिनामा शनिबार, आइतबार र सार्वजनिक बिदाहरूमा पनि सेवा उपलब्ध हुनेछ।

यदि तपाई सँग कुनै प्रश्नहरू छन् भने, कृपया सुइता सिटी बहुसांस्कृतिक वन-स्टप परामर्श केन्द्रमा सम्पर्क गर्नुहोस्।